# दस

# मोरङका केही महत्वपूर्ण पत्रकारहरू

मोरङको पत्रकारिताको इतिहासमा धेरैले आ-आफ्नो स्थानबाट योगदान दिएका छन् । महत्त्वपूर्ण योगदान गर्ने केही व्यक्तित्वहरूबारे समाजलाई जानकारी गराउनु आवश्यक छ । यहाँ समाचार पत्रकारिता क्षेत्रका पाँचजना र साहित्यिक पत्रकारिता क्षेत्रका एकजना गरी छ जनाको सङ्क्षिप्त जीवनी प्रस्तुत छ ।

## पं. लक्ष्मण शास्त्री (वि.सं. १९६४-२०५०)[११]

लक्ष्मण शास्त्रीको नाम नसुन्ने व्यक्ति पूर्वाञ्चलमा छैनन् होला । आफ्नो जीवनको ५० वर्षभन्दा बढी समय शिक्षण र प्राध्यापनमा बिताउने लक्ष्मण शास्त्रीको मोरङको साहित्य र साहित्यिक पत्रकारिताको क्षेत्रमा पनि अविस्मरणीय योगदान रहेको छ । जीवनको अन्त्यसम्म नै अत्यन्त कर्मठ र सक्रिय जीवन बिताउने लक्ष्मण शास्त्रीका असङ्ख्य विद्यार्थीहरू अहिले पनि देशका विभिन्न महत्त्वपूर्ण पदमा बसेर काम गरिरहेका छन् । हँसी-ठट्टा उत्तिकै गर्न रुचाउने स्व. शास्त्रीले गरेको योगदानलाई मोरङवासीले कहिल्यै पनि बिर्सन सक्तैनन् । उनको वास्तविक पूरा नाम चाहिँ लक्ष्मणप्रसाद आचार्य हो ।

मोरङलाई कार्यक्षेत्र बनाए पनि उनको जन्म भने १९६४ को चैत कृष्ण अमावस्या बुधवारका दिन महोत्तरी जिल्लाको रानीरतवारागुठी भन्ने गाउँमा भएको थियो । आचार्यकुलका दीक्षित ब्राह्मण परिवारमा जन्मेका उनी पं. देवीप्रसाद आचार्य दीक्षितका पहिलो पुत्र थिए । आठ वर्षको उमेरमा ब्रतबन्ध संस्कार सम्पन्न भै गायत्री र दीक्षा मन्त्रमा दीक्षित भएपछि उनले गाउँकै पाठशालामा अक्षरअङ्कको ज्ञान हासिल गरे । त्यसपछि गाउँमै एकजना

---

[११] पं. लक्ष्मण शास्त्रीले उपलब्ध गराउनु भएको लिखित सामग्रीअनुसार यो परिचय तयार गरिएको हो ।

ब्रह्मचारीसँग सत्यनारायण कथा (संस्कृत)को अध्ययनका साथै वैदिक गुरुबाट रुद्रीवेदको अध्ययन पनि उनले गरेका थिए ।

जनकपुरधामस्थित संस्कृत महाविद्यालयमा संस्कृत व्याकरणको अध्ययनसँगै प्रथमाको अध्ययन सकेर उनी वाराणसीतर्फ लागे । त्यही बसेर उनले व्याकरण विषय लिएर प्रथमा, मध्यमा पहिलो श्रेणीमा उतीर्ण गरे । त्यसपछि क्रमशः आयुर्वेदको शास्त्रीय परीक्षा एवं संस्कृत साहित्यको शास्त्री र आचार्य परीक्षा पनि पहिलो श्रेणीमा नै उतीर्ण गरे । यसबाट लक्ष्मण शास्त्री वास्तवमै मेधावी छात्र भएको पुष्टि हुन्छ ।

उनले आफ्नो शिक्षण कार्य २००१ साल साउनको २ गतेदेखि थालेका थिए । त्यसबेलाको श्री युद्ध पब्लिक हाइस्कूलमा मासिक भा.रु. २५।- तलब पाउने गरी संस्कृत र नेपाली विषय शिक्षकका रूपमा उनको नियुक्ति भएको थियो । सो विद्यालयका छात्र र नगरवासीको सहयोगबाट आदर्श विद्या मन्दिर र पछि आदर्श पुस्तकालयको स्थापना तथा सञ्चालनमा उनको योगदान रहेको छ । सोही विद्यालय पछि आदर्श विद्यालयमा नामाकरण भएको हो । उनले आफू बसेको वडामा काली अपर प्राइमरी स्कूलको स्थापना गरेका थिए, जुन अहिले विराट निम्न माध्यमिक विद्यालयको रूपमा रहेको छ । आदर्श विद्यालयका १३/१४ जना छात्रहरू भारतबाट एम.ए. गरेर फर्केपछि उनीहरूलगायत नगरवासीको सहयोगमा उनले मोरङ इन्टरमिडियट कलेज (रात्रि)को स्थापना गरे । सो कलेजको प्रिन्सिपल नारायणप्रसाद अर्जेल र भाइस प्रिन्सिपल गोपालप्रसाद शर्मा थिए । सोही कलेजमा अध्यापन गर्दा सबै शिक्षकहरूबाट पाँच/पाँच रूपैयाँ उठाएर एलिट क्लबको स्थापना गरिएको थियो । त्यसबेलासम्म उनी आदर्श विद्यालय र मोरङ कलेज दुबैमा पढाउँथे । पछि तत्कालीन प्रिन्सिपल गोपालप्रसाद शर्माको आग्रहमा उनले २०१७ वैशाख १ गतेदेखि आदर्श विद्यालय छाडी कलेजमै पूर्णरूपमा नेपाली र संस्कृत साहित्यको अध्यापनमा लागेका थिए । त्यसपछि उनी सोही कलेजमा नै निरन्तर शिक्षण सेवामा सक्रिय रहे । महेन्द्र मोरङ क्याम्पसबाट अवकाश प्राप्त गरेपछि पनि उनले निजी क्याम्पसहरू आदर्श क्याम्पस, जनता कानून क्याम्पसमा आफ्नो उर्जा शिक्षण कार्यमा लगाएका थिए ।

वास्तवमा लक्ष्मण शास्त्री बाध्यताले साहित्यिक पत्रकार बनेका हुन् । उनले आजभन्दा ५० वर्ष अघिको कठिनतम परिस्थितिमा पनि आफू कार्यरत रहेको विद्यालयका शिक्षक एवं विद्यार्थीहरूको सिर्जनात्मक क्षमताको अभिवृद्धिका लागि *आदर्शवाणी* नामको मासिक पत्रिकाको सम्पादन गरेका थिए । यसैगरी नेपाली साहित्य समितिको स्थापना भएपछि सो संस्थामार्फत निस्केको *सोझो बाटो* पत्रिकाको पनि प्रधान सम्पादक थिए । *आदर्शवाणी* २००९ सालतिर निस्केको थियो भने *सोझो बाटो* २०१७ सालतिर निस्केको थियो । मोरङ कलेजबाट निस्केको वार्षिक मुखपत्र *प्रकाश*को पहिलो अङ्कको प्रधान सम्पादक भएर पनि

उनले साहित्यिक पत्रकारितातर्फको यात्रालाई निरन्तरता दिएका थिए । मैथिली साहित्य परिषद्को त्रैमासिक पत्रिका *मैथिली*को प्रधान सम्पादक प्रफुल्लकुमार मौन थिए । उक्त परिषद्का अध्यक्षका रूपमा शास्त्रीले सो पत्रिकाको प्रकाशनमा उल्लेखनीय योगदान पुऱ्याएका थिए । नतिजा उक्त पत्रिकाको करिब १४ अङ्क प्रकाशित हुन सकेको हो । सोही पत्रिकाको एउटा अङ्कमा उनको "धर्मराज युधिष्ठिर" (२०२९) शीर्षकको मिनी महाकाव्य (उनकै भाषामा) छापिएको छ ।

यसरी विराटनगरबाट साहित्यिक पत्रिकाको प्रकाशन नहुँदाको अवस्थामा उनले आफू संलग्न रहेको विद्यालय, कलेज, साहित्यिक सङ्घसंस्थाबाट प्रकाशन गरेको साहित्यिक पत्रिकाको महत्त्व अत्यन्त दूरगामी छ । त्यसैले लक्ष्मण शास्त्रीलाई विराटनगरको पहिलो साहित्यिक पत्रकारको रूपमा स्मरण गरिएको हो ।

लक्ष्मण शास्त्रीको साहित्यिक योगदान पनि महत्त्वपूर्ण रहेको छ । विशेषगरी मैथिली साहित्यमा उनको अविस्मरणीय योगदान देखिन्छ । तर नेपाली साहित्यमा पनि उनले योगदान नगरेका चाहिँ होइनन् । उनको पहिलो रचना लक्ष्मणप्रसाद उपाध्याय "सौमित्री"को नामबाट २००३ सालतिर भारतको वाराणसीबाट प्रकाशित हुने *उदय* पत्रिकामा छापिएको थियो । *नेपाली राष्ट्रिय साहित्य* (हिन्दी) र *नेपाल राष्ट्रिय मोहावरा* गरी उनका दुइटा पुस्तक प्रकाशित छन् । तर उनका *हनुमान चरित महाकाव्य* (नेपाली र हिन्दी दुबैमा), *आवाल ब्रह्मचारी चरित महाकाव्य* (नेपाली), *मिथिला महाकाव्य* (नेपाली), *मैथिलीय रामायण महाकाव्य* (मैथिली), *बुद्धिविनोद प्रश्नोत्तर* (नेपाली), *अष्टाङ्ग योग खण्डकाव्य* (नेपाली), *प्रायश्चित एकाङ्की नाटक* (आदर्श विद्यालयद्वारा अभिनित) र *धिकताम् एकाङ्की नाटक* (आदर्श विद्यालयद्वारा अभिनित) लगायत आठ कृतिहरू अप्रकाशित छन् ।

यसबाहेक विभिन्न पत्रपत्रिकाहरूमा उनका अनगिन्ती लेखरचना र कविता छापिएका छन् । उनका 'मनुषदेवा', 'सराध', 'ब्रह्मपूजा', 'दाहा' र 'सत्तु' पहलमान शीर्षकका कथाहरू पनि छापिएका छन् । आफ्नो जीवनको उत्तरार्द्धतिर उनले महाकवि लक्ष्मीप्रसाद देवकोटाको महाकाव्य *शाकुन्तल*लाई हिन्दीमा अनुवाद गर्ने गहन र गुरुत्तर कार्यमा हात हालेका थिए र सो महाकाव्यको १२औं सर्गसम्म पद्यानुवाद गरिसकेका थिए ।

साहित्यिक सङ्घसंस्थाहरूमा पनि उत्तिकै क्रियाशील थिए उनी । २०१६ सालमा स्थापित नेपाली साहित्य समितिको अध्यक्षका रूपमा उनले जीवनभर काम गरे । त्यस्तै मैथिली साहित्य परिषद्को स्थापनामा पनि उनको सक्रियता प्रशस्त थियो र त्यसको संस्थापक अध्यक्ष पनि उनी नै थिए ।

उनले विराटनगरमा रहेर सनातन धर्म सेवा समिति विराटनगर शाखाको उपाध्यक्ष, विराटेश्वर शिव मन्दिर सञ्चालक समितिको प्रमुख सल्लाहकार सदस्य, भानु मोरङ सांस्कृतिक समितिको सञ्चालक समितिको सदस्य, आदर्श विद्यालय सञ्चालक समितिको सदस्यका रूपमा पनि सेवा गरेका थिए । तर दुर्भाग्य उनले मोरङ जिल्लालाई यति धेरै योगदान दिएतापनि उनका कृति

छाप्नेतिर भने मोरङवासी र मोरङमा रहेका साहित्यिक सङ्घसंस्थाहरूले चासो देखाएका छैनन् ।

उनले मैथिली भाषा र साहित्यमा दिएको योगदानको कदर गर्दै भारतको दरभंगास्थित मिथिला विश्वविद्यालयले सन् १९७७ (डिसेम्बर २५) मा उनलाई विद्यावारिधिको सम्मान प्रदान गरेको थियो । उनको योगदानको कदर गर्दै विराट साहित्य संस्थान-मोरङ, हिडपा साहित्यिक परिवार आदिले पनि उनको अभिनन्दन गरेका थिए । उनको २०५० जेठ ३१ गते अपराह्न विराटनगरमै निधन भयो । उनका तीन छोरा र दुई छोरी छन् ।

## विपिनदेव ढुङ्गेल (१९८३-२०४५)[१२]

नेपाली पत्रकारिताको क्षेत्रमा अत्यन्त गम्भीर र शालीन व्यक्तित्वका रूपमा परिचित विपिनदेव ढुङ्गेलको विशिष्ट र अद्वितीय योगदान रहेको छ । भारतको असम राज्यबाट पुनः नेपालीभूमिमा फर्केर आफ्नो मातृभूमिको सेवामा ढुङ्गेलले आफूलाई समर्पण गरे । उनले मोरङलाई कार्यक्षेत्र बनाउँदै पत्रकारिताका क्षेत्रमा अनवरत् रूपमा पुऱ्याएको योगदानलाई मोरङवासीले उल्लेखनीय मानेका छन् ।

मेची अञ्चलको इलाम जिल्लामा वि.सं. १९८३ असार २४ (सन् १९२६ जुलाई ७) मा जन्मेका विपिनदेव ढुङ्गेलको बाल्यकाल इलाममै बिते पनि किशोरावस्था भने असममा गुज्रिएको थियो । उनी पं. मनोहर ढुङ्गेल र कौशिलादेवीका कान्छा छोरा थिए ।


विपिनदेव ढुङ्गेल

उनले कुनै ठूलो शैक्षिक प्रतिष्ठानबाट उपाधि लिएको नभए पनि स्वअध्ययन एवं प्रयासमार्फत् ज्ञानको धरातल विस्तार गरेका थिए । औपचारिक शिक्षाका दृष्टिले भने उनले संस्कृतमा मध्यमा र अङ्ग्रेजीमा म्याट्रिक-सम्मको शिक्षा आर्जन गरेको देखिन्छ । विशेषतः नेपाली र असमी भाषाका साथै साहित्यमा उनको दखल थियो । विपिनदेव ढुङ्गेलको व्यक्तित्वको अर्को महत्त्वपूर्ण पाटो पत्रकारिता हो । उनको जीवनको करिब ४० वर्ष लामो समय सक्रिय पत्रकारितामा बितेको देखिन्छ । स्वदेश फर्कनु अघि नै उनले भारतको कालिम्पोङमा रहेर तत्कालीन भारतीय गोर्खा लीगको मुखपत्र *गोर्खा*को तीन वर्षसम्म सम्पादन गरेका थिए । त्यसपछि २००७ सालको क्रान्तिमा इलाम

---

[१२] यो परिचय प्रधान (२०४७), भट्टराई (२०५५) र ढुङ्गेल र कन्दङवा (२०३६) को आधारमा तयार गरिएको हो ।

(पशुपतिनगर) र झापाको सङ्घर्षमा भाग लिँदै उनी नेपाल फर्केका थिए । २००८ सालमा विराटनगर आएर स्थायी रूपमा वसोवास गर्न थालेपछि *ज्योत्सना, फिलिङ्गो, सोझो बाटो* र *मातृभूमि* आदि पत्रपत्रिकाको सम्पादनमा महत्त्वपूर्ण सहयोग पुऱ्याए । काठमाडौँबाट प्रकाशित हुने *दैनिक समाज* र *नयाँ समाज*को सुरुमा सम्पादन सहयोगी र पछि संवाददाता भै काम गरे । उनी यत्तिमै मात्र सीमित भएनन् । कलकत्ताको बंगाली दैनिक *आनन्द बजार पत्रिका* र असमको *असम ट्रिव्युन*को प्रतिनिधिका रूपमा पनि उनले काम गरे ।

उनको पत्रकारिता जीवनको सबैभन्दा महत्त्वपूर्ण अवधि भने *हिमालचुली* साप्ताहिकको सम्पादन एवं प्रकाशनकाल नै हो । उनले २०१८ माघ १ गतेदेखि *हिमालचुली*को सम्पादन गर्न थालेका थिए, जुन कार्य उनको निधन हुनुअघिसम्म निरन्तर रूपमा रह्यो । राष्ट्र, राष्ट्रियता, भाषा, संस्कृतिप्रति पूर्ण समर्पित व्यक्तित्वका रूपमा उनको पत्रकार छवि रहेको छ । त्यत्ति मात्र होइन, पत्रकारहरूबीचको गुटबन्दी र तानातानबीच नितान्त एक्लो रहेर आफ्नै साधनामा समर्पित रहने अनौठो व्यक्तिका रूपमा पनि उनलाई चिनिन्छ । इमानदार, गम्भीर, अध्ययनशील र चिन्तक थिए स्व. विपिनदेव ढुङ्गेल । उनले *हिमालचुली* साप्ताहिक सँगसँगै *पारिजात* मासिक साहित्यिक पत्रिकाको सम्पादन एवं प्रकाशन पनि करिब एक वर्षसम्म गरे । *पारिजात*को पहिलो अङ्क २०२५ जेठमा निस्केको थियो भने अन्तिम अङ्क पूर्णाङ्क १४, २०२६ जेठमा प्रकाशित भएको थियो । मोरङबाट निस्केका साहित्यिक पत्रिकाहरूमा *पारिजात*को विशिष्ट महत्त्व रहेको छ ।

नेपाली साहित्यको इतिहासमा विपिनदेव ढुङ्गेलको योगदान विशेषगरी लोकसाहित्य, निबन्ध, अनुसन्धान र हास्यव्यङ्ग्यको क्षेत्रमा बढी देखिन्छ । जीवनको पूर्वार्द्धदेखि नै उनले भाषा र साहित्यका क्षेत्रमा आफूलाई समर्पित गरेका थिए । उनका प्रकाशित कृतिहरूमा *गीतमाला* (२०१४), *भीरको चिण्डो* (हास्य व्यङ्ग्य निबन्ध सङ्ग्रह, २०३१) र *नानीका गीत* (काजीमान कन्दङवासँग संयुक्त रूपमा, बाललोकगीत, २०३६) गरी तीनवटा छन् भने अप्रकाशित कृतिहरूमा *नेपालबाहिरका नेपालीहरू, नेपाल र भोटाङको मैत्री सम्बन्ध* रहेका छन् ।

उनको पहिलो कृति *गीतमाला* मौलिक रचना नभएर हरिनारायण र विद्याभूषणको गीतहरूको सङ्कलन हो । अर्काका अप्रकाशित रचनाहरूको खोजीमेली गरेर पाठकसमक्ष पुऱ्याउने महत्त्वपूर्ण कार्य यस कृतिबाट भएको छ । *भीरको चिण्डो* उनको मौलिक व्यङ्ग्य निबन्धहरूको सङ्कलन हो, जसबाट उनको व्यङ्ग्य प्रतिभा उजागर भएको छ । *नानीका गीत*मा भने नेपाली लोकजीवनमा प्रचलित बाल लोकगीतहरू सङ्कलन गरी प्रस्तुत गरिएको छ ।

नेपाली भाषा र साहित्यप्रति उनको अगाध माया र श्रद्धा थियो । उनको यस्तो विचारले पनि यो कुरा स्पष्ट हुन्छः

> नेपालको भौगोलिक एकताले गर्दा नेपाली संस्कृति र यसको मुख्य आधार नेपाली भाषाको संरक्षण, सम्बर्द्धन र विकासले नै आज हामी संसारको जुनसुकै कुनामा बसेर पनि आफुलाई नेपाली हौं भन्ने गौरवमय अभिमान गर्न सकेका छौं । ...अतः नेपाली राष्ट्रियतालाई फुलाउन फलाउन हाम्रा पिता पूर्खाहरूले महान् त्याग, तपस्या, महान् बहादुरी र महान् बलिदान गरेर हाम्रो देश, हाम्रो भाषा, हाम्रो साहित्य-संस्कृतिलाई स्याहार संभार गर्दै हाम्रो एकताको जगलाई खँदिलो र दरिलो पार्दै हाम्रो राष्ट्रिय इतिहासलाई चहकिलो तुल्याइदिएका छन् ।

*हिमालचुली* साप्ताहिक र *पारिजात* साहित्यिक मासिक पत्रिकामा स्व. ढुङ्गेलका अनगिन्ती रचनाहरू छापिएका छन् । यस्ता रचनाहरूमा विशेषगरी नेपाली भाषा र साहित्यका विविध पक्षबारे गहिरो अध्ययन, चिन्तन र विश्लेषण गरिएको पाइन्छ । साथै कतिपय शोधपूर्ण रचनाहरूका माध्यमबाट पनि नेपाली साहित्यलाई उनले योगदान पुर्‍याएका छन् । उनको साहित्यिक योगदानबारे घटराज भट्टराईले *नेपालीलेखक कोश*मा यसरी चर्चा गरेका छन्:

> कविता, कथा र गहकिला शोधपूर्ण लेखका माध्यमबाट पनि उनले निकै ठूलो योगदान गरेको देखिन्छ । उनी नरहेपनि उनका शोधपूर्ण रचनाले, उनले सम्पादन गरेका पत्रिकाले र उनका निबन्धहरूले उनलाई सदैव सम्झाइरहने छन् (भट्टराई २०५६: ६०६) ।

स्व. विपिनदेव ढुङ्गेलको पुस्तकको अध्ययनमा मात्र नभै सङ्कलन र संरक्षणमा पनि गहिरो लगाव थियो । त्यसैले उनले आफ्नै घरमा एक महत्त्वपूर्ण पुस्तकालयको स्थापना गरेका थिए । उनको पुस्तकालयमा विशेषगरी पूर्वोत्तर भारतबाट निस्केका पत्रपत्रिकाहरूको अत्यन्त राम्रो सङ्कलन थियो । पछि सो पुस्तकालय २०३७।३८ तिर त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयलाई बिक्री गरियो । उनले पुस्तकालयलाई 'हाम्रो पुस्तक घर' नाम दिएका थिए । उनले विभिन्न विद्यालय र पुस्तकालयको स्थापना र विकासमा पनि योगदान गरेका थिए ।

स्व. विपिनदेव ढुङ्गेल २०२७ सालमा गोरखा दक्षिण बाहु (चौथो) र २०३१ सालमा शुभराज्याभिषेक पदकबाट विभूषित भए । उनलाई २०४३ सालमा लेखनाथ जयन्ती समारोह समिति, विराटनगरद्वारा विराटनगरमा सार्वजनिक सम्मान गरिएको थियो । पत्रकार कल्याण कोष, मोरङद्वारा स्थापित सिर्जनशील पत्रकारिता पुरस्कार पनि सोही वर्ष पहिलोपटक उनलाई प्रदान गरिनुका साथै अभिनन्दन पनि गरिएको थियो ।

विपिनदेव ढुङ्गेलको निधन २०४५ भदौ २२ गते काठमाडौंमा भएको थियो । उनका पत्नी, तीन छोरा र तीन छोरी छन् ।

## नारदप्रसाद ओझा (वि.सं. १९८४-२०४७)[१३]

अध्ययनशील, चिन्तनशील एवं सिर्जनशील पत्रकारका रूपमा नेपाली पत्रकारिता जगत्मा चिनिएका स्व. नारदप्रसाद ओझा लामो समयसम्म यस

---

[१३] यो परिचय प्रधान (२०४७) र ओझा (२०४८) को भूमिकाका आधारमा तयार गरिएको हो ।

क्षेत्रमा संलग्न एक श्रमजीवी व्यक्तित्व थिए । झापा, मोरङ र काठमाडौँलाई आफ्नो पत्रकारिताको कर्मभूमि बनाई उनले विभिन्न पत्रपत्रिकाहरूलाई आफ्नो अमूल्य समय, सेवा र रचनाहरूद्वारा सहयोग पुऱ्याएका थिए ।

भोजपुर जिल्लाको नोर्पाया भन्ने ठाउँमा १९८४ फागुन कृष्ण पक्षको अष्टमीका दिन जन्मेका नारदप्रसाद ओझाको बाल्यकाल भने भारतको असम प्रान्तमा पर्ने ग्वालपाडा भन्ने ठाउँमा बितेको थियो । त्यसैले प्राथमिक शिक्षाकै क्रममा उनले असमी भाषा सिक्ने अवसर पाए ।



**नारदप्रसाद ओझा**

संस्कृत भाषा, वैदिक धार्मिक ग्रन्थहरू, ज्योतिष विज्ञान र तन्त्रविद्याको अत्यन्त गम्भीर अध्ययन गरेका स्व. ओझाले सुरुमा घरैमा गीता, भागवत् लगायतका काव्यग्रन्थहरूको अध्ययन गरे । तत्पश्चात् जनकपुरधामस्थित मौनीय संस्कृत पाठशालाबाट व्याकरण, प्रथमा अध्ययन गरे भने वर्धास्थित राष्ट्रभाषा प्रचार समितिबाट कोविद र असमस्थित राष्ट्रभाषा प्रचार समितिबाट प्रवीण उपाधि प्राप्त गरेका थिए । अङ्ग्रेजी भाषाको साधारण अध्ययन भने उनले घरमै गरेका थिए ।

असममा नै रहँदा उनले दुई वर्षसम्म अनौपचारिक हिन्दी परीक्षकको रूपमा सेवा प्रदान गरेको देखिन्छ । उनले निजी खर्चमा आठ महिनासम्म नेपाली, बंगालीमा शिक्षा दान, आठ महिनासम्म नै असमी र नेपालीमा प्रौढ साक्षरता कक्षा सञ्चालन, सरकारी विद्यालयमा छ महिनासम्म असमिया शिक्षा अध्यापन गरेर शिक्षाप्रतिको आफ्नो लगावलाई जनसमक्ष प्रस्तुत गरेका थिए । असममा नै रहँदा स्व. ओझाले नेपालीहरूमा चेतना र सुधार ल्याउन ग्रामोन्नयिनी समितिको सञ्चालन, असमकै समाज सुधारका लागि साप्ताहिक धर्मकीर्तन, प्रवचन र त्यही माध्यमबाट रचनात्मक कामहरूको आयोजन, सामूहिक यज्ञयज्ञादि, पुराण प्रवचन, शारदा नेपाली पुस्तकालयको सञ्चालन, दण्ड जरीवानाबाट आउने रकम समाजसेवामा लगाउने प्रचलनको पनि सुरुआत गरेका थिए । स्वदेश फर्किएपछि उनले २०१३ सालमा धुलाबारी हाइस्कूलमा शिक्षकका रूपमा र २०३० सालमा भद्रपुरको रात्रि विद्यालयमा पनि शिक्षककै रूपमा काम गरे ।

पत्रकारको रूपमा स्व. ओझाले २०१९ सालमा भद्रपुरबाट प्रकाशित हुने *साप्ताहिक युवक*बाट आफ्नो यात्रा प्रारम्भ गरेका थिए । त्यसपछि झापाकै *आलोक*मा र विराटनगरको *हिमालचुली*को प्रतिनिधिको रूपमा काम गर्दै २०२२ देखि २०२९ सालसम्म राष्ट्रिय समाचार समितिको कोशी अञ्चल

प्रतिनिधिको रूपमा पनि उनी संलग्न रहे । त्यहीबीचमा २०२६ सालदेखि उनले विराटनगरबाट *कोसेली* साप्ताहिकको संस्थापक सम्पादक र कोसेली छापाखानाको सञ्चालकको कार्यभार सम्हाले । *कोसेली* साप्ताहिकसँग १० वर्षसम्मको निरन्तर संलग्नतापछि २०३५ भदौदेखि पत्रिका छाडी कोसेली छापाखानाको सञ्चालनमा आफूलाई एकाग्र पारे । तर लेखनप्रति प्रतिबद्ध ओझाको मन र मस्तिष्कले त्यस कार्यलाई स्वीकार्न सकेन र अन्ततोगत्वा त्यो छापाखाना बिक्री गरी पुनः पत्रकारिता क्षेत्रमै लागे । यस क्रममा उनी *नयाँ चेतना, चेतना, प्रतिध्वनि, संरक्षक* र *प्रतिबद्ध* आदि पत्रपत्रिकासँग सम्बद्ध रहे । तत्पश्चात् ओझाले काठमाडौंबाट निस्कने *दैनिक धरातल*को संस्थापनामा सहयोग गरी २०४० देखि २०४३ वैशाख १५ सम्म सोही पत्रिकामा सेवारत रहे । काठमाडौंबाट पुनः विराटनगर आएपछि उनी *अनुशीलन* मासिकको सम्पादक हुनुका साथै साप्ताहिक *जनजीवन* र दैनिक *पंचशील*को सम्पादनमा संलग्न रहे ।

पत्रकारका रूपमा नारदप्रसाद ओझा अत्यन्तै इमानदार, लगनशील र श्रद्धेय व्यक्ति थिए । उनले आफ्नो अध्ययन, चिन्तन र लेखनद्वारा यस क्षेत्रलाई महत्त्वपूर्ण योगदान पुऱ्याए । पत्रकार कल्याण कोषद्वारा २०४४ सालमा 'सिर्जनशील पत्रकारिता पुरस्कार' प्रदान गरिँदा अभिनन्दन पत्रमा उल्लिखित कुराहरूले आफ्नो मनलाई छोएको बताएका थिए । अभिनन्दन पत्रमा यस्तो लेखिएको थियो:

> तपाईंले पत्रकारितालाई कहिल्यै पनि आक्षेप, विवाद र स्तुतिको मञ्च बनाउनु भएन । साथसाथै व्यक्तिगत स्वार्थ, लोभलालच आदिबाट माथि उठेर पत्रकारिता क्षेत्रमा ईमानदारी, लगनशीलता र सार्वजनिकताको प्रदर्शन गर्नु भयो । पत्रकारिता जस्तो कठिनतम् क्षेत्रलाई आजभन्दा २६ वर्ष अगाडिको परिस्थितिमा पनि सेवाको रूपमा निर्भीकतापूर्वक अङ्गालेर तपाईंले यस क्षेत्रलाई आफ्नो साधना, सीप र समयको उपयोगद्वारा अझ परिष्कृत बनाउन प्रदान गर्नु भएको योगदान वस्तुतः राष्ट्रकै परिप्रेक्ष्यमा उदाहरणीय बनेको छ । राष्ट्र, राष्ट्रवासी, भाषा, साहित्य र संस्कृतिको समुत्थानका साथै आफ्नो कलमद्वारा राष्ट्रियता, राष्ट्रिय एकता, अखण्डता र साम्प्रदायिक सद्भावको विकासका लागि तपाईंले पत्रकारिताको क्षेत्रबाट प्रदान गर्नु भएको त्याग र बलिदान भावी पुस्ताका लागि पनि मार्गदर्शक हुनेछ ।

उनले आफ्नो प्रचलित नाम नारदप्रसाद ओझाको अतिरिक्त नारद, अत्रि आदि नामले पनि विभिन्न पत्रपत्रिकादिमा रचनाहरू छापेको पाइन्छ ।

ओझाले पत्रकारितासम्बन्धी पुस्तक लेख्न चाहेको र विषयसूची समेत तयार पारिसकेका थिए । उनको निधन (२०४७) पछि राष्ट्रिय समाचार समिति, पूर्वाञ्चल क्षेत्रीय कार्यालय, विराटनगरको आवासमा पुराना पत्रपत्रिकाहरूको चाङमा २०४८ साउनमा मेरी पत्नी व्यूटीले *पत्रकारिता: मेरो यात्रा* पुस्तकको पाण्डुलिपि फेला पारिन् । यस पुस्तकको लेखन समय २०४५ कात्तिकदेखि

२०४६ असोजभित्र रहेको अनुमान छ। यो पुस्तक न त पूर्णतः सैद्धान्तिक छ न त पूर्ण संस्मरणात्मक (ओझा २०४८) । यो मोरङबाट प्रकाशित पत्रकारितासम्बन्धी पहिलो पुस्तक हो । पत्रकारिता क्षेत्रमा आफूले बिताएको लामो समयसम्मको अनुभव र घटनाहरूलाई आफ्नो अध्ययन र ज्ञानद्वारा अत्यन्तै रोचक शैलीमा यसमा प्रस्तुत गरिएको छ। यो पुस्तक अलि अपूरोजस्तो अनुभव हुन्छ। जम्मा सानो आकारको दुई वटा कापीमा एकापट्टि मात्र लेखिएको अवस्थामा यो पुस्तकको पाण्डुलिपि प्राप्त भएको थियो । झट्ट हेर्दा यी दुइटा कापीमा लेखिसिध्याइ सकेपछि उनले यसलाई लेख्न छाडेर 'नेपाली पत्रकारिता' (इतिहास, सिद्धान्त र प्रयोग) भन्ने अर्को पुस्तक लेख्न थालेको देखिन्छ । यो 'नेपाली पत्रकारिता' भन्ने पाण्डुलिपिको जम्मा चार पृष्ठ मात्रै प्राप्त भएको छ । तर पुस्तक तयार हुनुअघि नै भूमिका चाहिँ लेखिसकिएको छ । उक्त भूमिकाको केही अंश यस्तो छः

> पत्रकारिताको विश्वव्यापी र दीर्घ इतिहास छ । खासगरी जानकारी र घटना विषयक समाचारको प्रस्तुति लिएको खबरकागजले आत्म-प्रकाश र आत्मविस्तारका लागि मुद्रण, फोटो, चित्रण, व्यङ्ग्य चित्र र हजारौं पाठकसमक्ष सुशीघ्र पुग्नु पर्ने नियति पाएको हुनाले यस विधाले स्थापित समग्रविधालाई सूचना र सम्प्रेषणको काममा उछिन्यो । सूचना र सम्प्रेषण, जनतादेखि लिएर सरकार समेतलाई चाहिने अपरिहार्य सामग्री हुनाले यसले चौथो राज्यको दर्जा पाउन सकेको हो ।
>
> नेपाली पत्रकारिताको स्रोत अरू मुलुकमा जन्मिसकेको पत्रकारिता नै हो तथापि यसले पार्ने संवेदना, सूचना र सम्प्रेषणात्मक प्रभावका लागि नेपालीका केही स्वतन्त्र र स्वकीय अवधारणा छन् ।
>
> नेपाली पत्रकारितामा जब हामी प्रभाव र स्थापनाको चरित्रको खोजी गर्न थाल्दछौं त्यसबेला हाम्रो धर्म, दर्शन, इतिहास, कथा, आख्या, आख्यानक, शास्त्रका सम्वाद-परिसम्वाद पत्रहरू पनि स्रोतभित्रकै आंशिक परिधिमा पर्नु पर्दछ भनेर स्थापना बन्न पुग्दछ । यत्ति हो, यान्त्रिक विकास नभएको पूर्व युगमा आपसी भेटघाट, क्रियाकलाप, यज्ञ-याग, अध्ययन-अध्यापन, पर्यटन र तीर्थाटनका उपायहरू हुन्थे । आज यन्त्रको विकास भैसकेको हुनाले आज वितरण, विक्रयनको चाँजो मिलेको छ र छापामा विविधता थपिन पुगेको छ ।

साहित्यको क्षेत्रमा पनि स्व. नारदप्रसाद ओझाको योगदान रहेको छ । उनले असमको नेपाली समाजमा जागरण ल्याउन बंगाली भाषाको पूर्णाङ्की नाटक *वसुधारा*लाई नेपाली भाषामा अनुवाद गरी मञ्चन समेत गरी आफ्नो साहित्यिक-सांस्कृतिक यात्राको थालनी गरेका थिए । उनको साहित्यिक यात्रा त्यसपछि अनवरत रूपमा चलिरह्यो भने सांस्कृतिक यात्रा अवरुद्ध भए पनि सांस्कृतिक क्षेत्रप्रतिको लगाव जीवनभर नै रह्यो ।

२०१८ सालदेखि साहित्यिक क्षेत्रमा सक्रिय ओझाले विशेषगरी निबन्ध विधालाई आफ्नो साधनाको केन्द्रबिन्दु बनाएका थिए । उनले साहित्यका अन्य

विधाहरू कथा, कविता, एकाङ्की, समालोचना, व्यङ्ग्य आदिमा पनि आफूलाई सक्रिय पारी बहुमुखी प्रतिभाको परिचय दिएको देखिन्छ । तर उनको योगदान मूलतः निबन्धकारकै रूपमा रहेको छ । *गन्थनमन्थन* (२०३९) निबन्ध सङ्ग्रह बाहेक पत्रपत्रिकादिमा उनका अनगिन्ती निबन्ध, प्रबन्धहरू प्रकाशित छन् ।

निबन्धकार ओझाका निबन्धका विषयवस्तुको विविधताले उनको बहुमुखी ज्ञान, प्रतिभा र अध्ययनको पुष्टि गर्दछ । *गन्थनमन्थन* भित्रका ११ रचनामा विषयवस्तुको विविधताले उनको ज्ञानभण्डार र अध्ययन क्षेत्रलाई पनि प्रमाणित गर्छ । *गन्थनमन्थन*ले २०४० सालको प्रतिभा पुरस्कार प्राप्त गरी सो पुरस्कार प्राप्त गर्ने पहिलो पुस्तकको गौरव समेत प्राप्त गरेको छ ।

उनको *पत्रम् पुष्पम्* (निबन्ध सङ्ग्रह), *अस्तित्व र अस्मिता* (उपन्यास) र एक एकाङ्की प्रकाशोन्मुख रहेको २०४५ वैशाखमा प्रकाशित सामयिक सङ्कलन *मोती*मा उल्लेख छ भने *गन्थनमन्थन*को पृष्ठ आवरणमा 'वेद, तन्त्र र साधना' र 'केही पुराना निबन्धहरू' प्रकाशनाधीन रहेको कुरा छापिएको छ । तर ती पुस्तकहरू अहिलेसम्म छापिएका छैनन् र पाण्डुलिपिहरू कहाँ छन् थाहा हुन सकेको छैन । २०४४ असार २ गते उनलाई हिडपा साहित्यिक परिवारद्वारा सम्मान पनि गरिएको थियो । विराटनगर प्रेस क्लबको अध्यक्षको रूपमा पनि उनले केही वर्ष काम गरेका थिए ।

स्व. नारदप्रसाद ओझा यस्ता व्यक्ति थिए, जो साहित्य, पत्रकारिता र समाजसेवाको क्षेत्रमा नै निरन्तर लागेर घर, परिवारबारे अत्यन्त कम मात्रामा चाख राख्थे । यसको अर्थ उनी संवेदनाहीन व्यक्ति थिए भन्ने चाहिँ होइन । चुरोट, चिया र रक्सीलाई अत्यन्त मन पराउने उनी वास्तवमा आँशु लेखक थिए । चुरोटको सर्को र चियाको चुस्की सँगसँगै गफ गर्न अत्यन्त मन पराउने उनी आफूभन्दा अग्रजलाई सम्मान गर्ने, साथीभाइहरूसँग मित्रवत् व्यवहार गर्ने र अनुजप्रति प्रेम, स्नेह र सद्भाव राख्थे । अत्यन्त मिलनसार र बौद्धिक व्यक्तित्व नारदप्रसाद ओझाले पत्रकारितालाई 'पेशा' र 'व्यावसाय' भन्दा पनि 'साधना' र 'सेवा'को क्षेत्रको रूपमा स्वीकारेको हुनाले पत्रकारिताबाट आर्थिक उपार्जन केवल दुई छाक टार्नेमा मात्र सीमित रह्यो । दुई पत्नीबाट दुई छोरा र पाँच छोरीका पिता बनेका नारदप्रसाद ओझाको घाँटीको क्यान्सर रोगबाट २०४७ असार १० गते बनेपास्थित शिर मेमोरियल अस्पतालमा निधन भएको थियो ।

## कोशराज रेग्मी (वि.सं. १९८९)[१४]

मोरङलाई कार्यक्षेत्र बनाएर लामो अवधिसम्म पत्रकारिताका माध्यमबाट सर्वसाधारणलाई सुसूचित गर्ने महत्त्वपूर्ण कार्यका साथै नेपाली भाषा र साहित्यको विकासमा समेत योगदान गर्ने थोरै व्यक्तिमध्येका एक हुन्

[१४] यो परिचय प्रधान (२०४७) मा आधारित छ ।

कोशराज रेग्मी । उनको सबैभन्दा बढी योगदान पत्रकारिता क्षेत्रमा छ भने त्यसपछि साहित्य, समाजसेवा लगायतका क्षेत्रमा पनि उनले आफूलाई थेरथोर समर्पित गरेको पाइन्छ ।

कोशराज रेग्मीको जन्म १९८९ साउन १७ गते आइतवारका दिन कोशी अञ्चल संखुवासभा जिल्लाको बानामा भएको हो । उनी डिट्ठा पीताम्बर उपाध्याय रेग्मी र खिलेश्वरी रेग्मीका जेठा छोरा हुन् । उनको बाल्यकाल जन्मस्थान बानाकै रमणीय ग्रामीण वातावरणमा भयो भने प्राथमिक र माध्यमिक तहको शिक्षा पनि आफ्नै गाउँठाउँमा भएको थियो । तर प्रवेशिका पूरा गरिसकेपछि उच्च शिक्षा अध्ययन गर्न भारतको वाराणसी (बनारस) तर्फ लागे । वाराणसीमा उनले बी.ए. उतीर्ण गरे । त्यहाँ उनका साथीहरूमा बालकृष्ण पोखरेल, डा. तारानाथ शर्मा लगायतका व्यक्तिहरू थिए, जो पछि नेपाली साहित्यको क्षेत्रमा कहिल्यै बिर्सिन नसकिने नामका रूपमा स्थापित भए । उनले पत्रकारिताकै क्रममा इन्टरनेशनल इन्स्टिच्युसन अफ जर्नालिजम्, बर्लिन, जर्मनीबाट पत्रकारितामा डिप्लोमा पनि प्राप्त गरे ।



**कोशराज रेग्मी**

उनले आफ्नो सेवा पत्रकारिताबाहेकका क्षेत्रमा पनि समर्पित गरेको पाइन्छ । विशेषगरी विभिन्न विद्यालय र कलेज आदिको सञ्चालनमा उनको सहभागिता उल्लेखनीय देखिन्छ । विराटनगरस्थित महेन्द्र मोरङ आदर्श क्याम्पसको सञ्चालक समितिको सदस्यका रूपमा पनि उनले सेवा गरेका थिए भने मोरङ शिक्षा समितिको सदस्य र नेपाल बाल सङ्गठन मोरङ जिल्ला समितिको सदस्य भएर पनि उनले सेवा प्रदान गरे । उनले आफूसँग रहेका महत्त्वपूर्ण पुस्तक एवं पत्रपत्रिकाको सङ्कलन महेन्द्र मोरङ आदर्श क्याम्पसलाई निःशुल्क प्रदान गरेको थाहा भएको छ ।

उनी २०२७ सालमा स्थापित विराटनगर प्रेस क्लवका संस्थापक सदस्य थिए । नेपाल पत्रकार सङ्घ र पछि महासङ्घ भएपछि उनी संस्थासँग आवद्ध रहेर नयाँ पुस्तालाई सरसल्लाह र सुझाव दिने कार्यमा सक्रिय छन् । विराटनगरमा नेपाल प्रेस इन्स्टिच्युटअन्तर्गत् क्षेत्रीय सञ्चार स्रोत केन्द्रको स्थापना भएपछि त्यसको परामर्श समितिको अध्यक्षका रूपमा उनले कार्य गरे । अखिल नेपाल चतुर्थ साहित्यकार सम्मेलन, २०२८ को महामन्त्रीका रूपमा उनले गरेको योगदान अर्को महत्त्वपूर्ण र उल्लेखनीय कार्य हो ।

छात्रावस्थादेखि नै उनको रुचि साहित्य सँगसँगै साहित्यिक पत्रकारितातिर पनि केन्द्रित भयो । वाराणसीमा रहँदा नै उनले *छात्रवाणी* र *नौलो पाइलो*

जस्ता साहित्यिक पत्रिकाको सम्पादन गरेका थिए । तर उनको सबैभन्दा महत्त्वपूर्ण योगदान भने *जनवार्ता*को सम्पादन एवं प्रकाशन नै हो । उनले विराटनगरबाट २०१५ सालमा *जनवार्ता*को पहिलोपल्ट प्रकाशन थालेका थिए, तर त्यो बन्द हुन पुग्यो । पटक-पटक दर्ता हुँदै बन्द भए पनि उनले हरेस नखाई २०२१ सालदेखि *जनवार्ता*लाई नियमित रूपमा प्रकाशित गरे । २०५७ सालसम्म चलेर यो बन्द भएको छ ।

उनले विराटनगरबाट नै *छहारी* साहित्यिक पत्रिकाको सम्पादन गरेका थिए भने २०३६ सालमा *जनवार्ता प्रज्ञा-पृष्ठ*को सम्पादन गरेर नेपाली साहित्यिक क्षेत्रमा योगदान गरेका थिए । उनले पत्रकारहरूलाई पत्रकारिताबारे सामान्य जानकारी दिने उद्देश्यले *पत्रकारिता क ख ग* नामक पुस्तिका २०५१ सालमा प्रकाशन गरे (रेग्मी २०५१) । बाह्र शीर्षकमा विभाजित यो पुस्तकले पत्रकारिता-काबारे सामान्य जानकारी मात्र दिन्छ । क्षेत्रीय सञ्चार स्रोत केन्द्र, विराटनगरद्वारा २०५५ सालमा प्रकाशित *प्रेस र प्रजातन्त्र* नामक पुस्तकको संयोजन गर्ने कार्य पनि उनले अर्का पत्रकार डिल्लीराम निर्भीकसँग संयुक्त रूपमा मिलेर गरे । यो पुस्तकमा मेचीदेखि जनकपुर अञ्चलसम्मका २३ जना पत्रकारहरूद्वारा पत्रकारिताका विविध विषयमा लेखिएका रचनाहरू सङ्कलन गरिएको छ । उनको पत्रकारिता र साहित्यसम्बन्धी योगदानबारे २०५८ सालमा *कोशराज रेग्मी: व्यक्ति एक-दृष्टि अनेक* शीर्षकको ग्रन्थ पनि प्रकाशित भएको छ (सम्पादक उल्लेख नभएको २०५८) ।

उनले आफ्ना आमाको स्मृतिमा खिलेश्वरी पत्रकारिता पुरस्कारको स्थापना पनि गरेका छन् । पत्रकारिताका सम्बन्धमा उनको यो भनाइ मननीय छ:

> अशिक्षा, कुपोषण, गरिबी रोगले सताइएका नेपालीको सर्वाङ्गीण विकास गर्न हामीले काठमाडौं-विराटनगर-पोखरा वा ठूल-ठूला सहरको मात्र विकास गरेर हुँदैन, पचहत्तरै जिल्लाका अनकन्टार गाउँहरूमा पुगेर ग्रामीण जनजीवन माथि उठाउन हाम्रो पत्रकारितालाई समर्पित गर्नुपर्दछ । अन्यथा मोज, भोज र ठूलाबडा धनीमानीको प्रिय पात्र, भ्रमण दल र बिल्लाटिल्लाले भरेको पत्रकार मात्रै होइनेछ (सम्पादक उल्लेख नभएको २०५८: १६१) ।

साहित्य लेखनमध्ये विशेष गरेर कविता, कथा, लेख निबन्धमा उनको कलम चलेको पाइन्छ । उनको *हातेमालो* कविता सङ्ग्रह २०१३ सालतिरै छापिएको थियो । त्यसैगरी उनको सम्पादनमा *को अटेरी ?* शीर्षकको कथासङ्ग्रह पनि प्रकाशित छ । यसमा प्रगतिवादी दृष्टिकोणबाट लेखिएका कथाहरू सङ्गृहित छन् ।

कोशराज रेग्मीको योगदान नेपाली भाषा साहित्यको क्षेत्रमा चर्चित झर्रोवादी आन्दोलनमा पनि रहेको छ । वाराणसीमा अध्ययनरत रहँदा बालकृष्ण पोखरेल र तारानाथ शर्मालाई भेट गराएर आन्दोलनका लागि आवश्यक वातावरण तयार गर्ने, हौसला दिने र त्यो आन्दोलनको पत्रिकाको सम्पादन समेत गर्ने कार्य उनले गरेका थिए । यो तथ्यलाई बालकृष्ण पोखरेल र तारानाथ

शर्मा दुबैले स्वीकारेको पाइन्छ । उनका थुप्रै फुटकर लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा छरिएका छन् । कोशराज रेग्मीको पुराना पाँच कथाको सङ्कलन *पाँच कथा* शीर्षकमा २०५९ असोजमा प्रकाशित भएको छ । सो सङ्ग्रहका कथाबारे पुस्तकको भूमिकामा समालोचक डा. नरेन्द्र चापागाई लेख्छन्:

> कथामा उनको प्रगतिशील चिन्तन स्पष्टतः मुखरित रहेको देखिन्छ । रेग्मीले आफ्नो साहित्य साधनामा निरन्तरता दिन सकेको भए एक वरिष्ठ साहित्यकारका रूपमा परिभाषित हुने निश्चित थियो, यत्तिकैमा पनि उनको साहित्य साधक प्रतिभा एक ऐतिह्य बनेका कुरालाई पनि बिर्सन सकिँदैन (चापागाई २०५९: झ) ।

उनले २०३१ सालमा शुभराज्याभिषेक पदक प्राप्त गरेका थिए । उनलाई नेपाल पत्रकार महासङ्घ मोरङ र नेपाल पत्रकार महासङ्घ उदयपुरद्वारा अभिनन्दन पनि गरिएको थियो । २०४५ भदौ ३१ देखि मस्तिष्कमा रक्तश्राव भै आँखाको दृष्टि शक्तिमा केही कमी आए पनि अहिले पुनः उनी स्वस्थ भएका छन् । उनी तीन छोरा र एक छोरीका पिता हुन् ।

## डम्बरबहादुर थापा (वि.सं. २००३)[१५]

मोरङलाई कार्यक्षेत्र बनाएर समाचारदाताको रूपमा आफ्नो छवि बनाउन सफल पुराना पत्रकारहरूमध्ये एक व्यक्तित्व डम्बरबहादुर थापा हुन् । उनले करिब दुई दशकभन्दा लामो समय मोरङलगायत छिमेकी जिल्लाहरूमा समेत पुगेर समाचारदाताका रूपमा पठाएका समाचार र विचारहरूबाट त्यसताका यस क्षेत्रमा अत्यन्त प्रभाव परेको पाइन्छ । नागरिकले भोग्नु परेका कष्ट र दुःख, प्रशासनिक ताडना र ज्यादती, तत्कालीन राज्यव्यवस्थाले विरोधी ठानेका व्यक्तिहरूको विचारको प्रस्तुति उनका समाचारका विषय थिए । यसैले मोरङका पत्रकारका रूपमा उनको बेग्लै योगदान र पहिचान छ ।


**डम्बरबहादुर थापा**

पत्रकार डम्बरबहादुर थापाको जन्म पूर्वाञ्चलको सगरमाथा अञ्चलअन्तर्गत् राजविराज नगरपालिकामा २००३ भदौ २२ गते भएको थियो । उनको पिताको नाम चेतजङ्ग थापा र माताको नाम गंगादेवी थापा हो । उनको बाल्यकाल राजविराज लगायतका पूर्वाञ्चलका विभिन्न ठाउँमा बितेको थियो । उनले औपचारिक रूपमा उच्च शिक्षा हासिल गर्ने अवसर प्राप्त नगरे पनि राजनीतिक, सामाजिक लगायतका विषयमा स्वअध्ययनबाट प्रशस्त ज्ञान हासिल गरेको देखिन्छ । औपचारिक शिक्षाको हकमा

---

[१५] यो परिचय प्रधान (२०४७) र थापासँगको व्यक्तिगत कुराकानीको आधारमा तयार गरिएको हो ।

उनले केवल प्रवेशिका मात्र गरेका छन् । डम्बरबहादुर थापाको पत्रकारिता यात्रा उनी २३ वर्षीय युवा हुँदा सुरु भएको थियो । २०२५ सालमा *समीक्षा* साप्ताहिकको प्रतिनिधिका रूपमा उनले पत्रकारिता प्रारम्भ गरेका थिए । सो पत्रिकामा उनले चार-पाँच महिनामात्रै काम गरे । त्यसपछि २०२५ पुसदेखि साप्ताहिक *मातृभूमि*को प्रतिनिधिका रूपमा काम थाले । उनले एउटै पत्रिकामा करिब २० वर्षभन्दा बढी समयसम्म समाचारदाताका रूपमा काम गर्नु पनि एउटा उदाहरण नै हो । वास्तवमै उनी समर्पित पत्रकार हुन् ।

आफ्नो लामो समाचारदाताको जीवनमा उनले २०२६ सालदेखि २०४७ सम्मको अवधिमा करिब एक हजार ९१ जनासँग कुराकानी वा भेटवार्ता गरी त्यसलाई पत्रिकामार्फत् प्रस्तुत गरिसकेका छन् । यसरी प्रस्तुत गरेका व्यक्तित्वहरूमा विश्वेश्वरप्रसाद कोइराला, मनमोहन अधिकारी, पुष्पलाल, सूर्यप्रसाद उपाध्याय, गणेशमान सिंह, तुलसीलाल अमात्य, बालकृष्ण सम, टंकप्रसाद आचार्य, डा.के.आई.सिंह, डा. तुलसी गिरी, कृष्णप्रसाद भट्टराई, सुवर्ण शमशेरलगायत अन्य नेता, कार्यकर्ता, समाजसेवी र साहित्यकारहरू रहेका छन् ।

पत्रकार डम्बरबहादुर थापाले आफ्नो पत्रकारिता जीवनमा तत्कालीन सरकार र प्रशासनबाट धेरै प्रताडित हुनु परेको देखिन्छ । पत्रकारिताकै क्रममा उनले ६ पटक कारागारमा र ५४ पटक प्रहरी हिरासतमा बस्नु परेको थियो । वास्तवमै यसलाई उनले पत्रकारितामा देखाएको निर्भीकता र इमानदारीको द्योतक मान्न सकिन्छ । त्यसैले २०४७ सालमा पत्रकार कल्याण कोषद्वारा उनलाई प्रदान गरिएको अभिनन्दनपत्रमा पनि "योद्धा पत्रकार" भनी सम्मान गरिएको छ । अभिनन्दनपत्रमा भनिएको छः

> पत्रकारिताको क्रममा जनताको पक्षमा आफ्नो सशक्त कलम चलाउँदा तपाईंले कैयौंपटक जेलयात्रा गर्नुपरेको थियो भने कैयौंपटक प्रशासन र प्रहरीको विरोधमा समाचार लेखेकोमा बयान दिनुपर्ने स्थिति सिर्जना भएको थियो । तथापि यस्ता व्यवधानहरूलाई केही नठानी आफ्नो धर्म र मार्गबाट विचलित नभै तपाईंले प्रतिबद्धता र निरन्तरताका साथ नेपाली पत्रकारिता क्षेत्रमा गर्नु भएको सेवा, साधना र समर्पणले तपाईंलाई योद्धा पत्रकारको रूपमा समेत हामीले पाएका छौं ।

पत्रकार डम्बरबहादुर थापाका पत्नी र तीन छोराहरू छन् । पत्रकारितामा लामो समयसम्म संलग्न रहेका कारण उनले पारिवारिक उन्नतिका लागि त्यति धेरै समय दिन पाएनन् । तथापि अहिले उनी सुनसरी जिल्लाको मधेशामा रहेर केही पत्रिकामा निरन्तर सेवा चाहिँ पुऱ्याइरहेका छन् । अहिले उनी *नयाँ करेण्ट, मालिका* साप्ताहिक र *दर्शन* दैनिकका लागि समाचार पठाउने गर्छन् ।

## कुमारबहादुर श्रेष्ठ (वि.सं. २००३-२०५३)[१६]

कुमारबहादुर श्रेष्ठलाई नचिन्ने कम मान्छे छन् विराटनगरमा । अझ भनौं पूर्वाञ्चलमा । उनी मोरङका वरिष्ठ पत्रकार मात्र थिएनन्, एक प्रतिष्ठित समाजसेवी र राजनीतिक कार्यकर्ता पनि थिए । त्योभन्दा पनि उनी आफ्नो जीवनको अन्त्यसम्मै एक सहृदयी र सहयोगी व्यक्तिका रूपमा परिचित रहे । विराटनगरमै जन्मेर हुर्केर त्यहीँ आफ्नो आयु सिध्याएर जीवन विसर्जन गर्ने एक महत्त्वपूर्ण व्यक्तिका रूपमा सधैं सम्झिइने चरित्र हुन् उनी । उनले विराटनगरलाई मात्र आफ्नो कार्यक्षेत्र वा कर्मथलो बनाए । मोरङको सदरमुकाम विराटनगर नगरमा स्व. चक्रबहादुर श्रेष्ठको जेठो छोराका रूपमा उनको जन्म २००३ भदौ २४ गते भएको थियो । सम्पन्न परिवारमा जन्मेका श्रेष्ठको बाल्यकाल अत्यन्त राम्रो वातावरणमा बितेको थियो । उनले स्थानीय विद्यालयहरूमै आफ्नो प्राथमिक र माध्यमिक शिक्षा पूरा गरे भने महेन्द्र मोरङ कलेजबाट आइ.ए. उतीर्ण गरे । कलेजमा पढ्दापढ्दै उनलाई राजनीति र समाजसेवाको नशा लागिसकेको थियो । त्यसैले त्यसपछि उनले औपचारिक शिक्षा लिनेतर्फ ध्यानै दिएनन् । यसरी औपचारिक शिक्षा धेरै नलिए पनि जीवनका व्यवहार र राजनीति एवं समाजसेवाका क्रममा मानिसहरूसँगको सम्पर्क र चिनापर्चीबाट नै उनले धेरै कुरा जान्ने र सिक्ने अवसर प्राप्त गरेको देखिन्छ ।


**कुमारबहादुर श्रेष्ठ**

कुमारबहादुर श्रेष्ठको सेवा र योगदानलाई चर्चा गर्न सजिलो छैन, किनभने उनको योगदान कुनै एक क्षेत्रमा मात्र सीमित थिएन । उनले आफ्नो सार्वजनिक जीवन २०२२ सालतिरै सुरु गरिसकेका थिए । उनले नेपाल युवक सङ्गठन, मोरङको सभापति, तत्कालीन विराटनगर नगर पञ्चायतको निर्वाचित सदस्य, गाउँफर्क राष्ट्रिय अभियान मोरङ जिल्ला समितिको सचिव लगायतका विभिन्न राजनीतिक पदहरूमा रहेर काम गरेका थिए । राजनीतिक रूपमा पञ्च भएर पनि सबैसँग घुलमिल हुनसक्नु उनको गुण थियो । देशमा बहुदलीय व्यवस्थाको पुनर्स्थापनापश्चात् धेरै राजनीतिक दलहरूले आ-आफ्नो दलमा आउन गरेको अनुरोधलाई उनले हाँसेर टारेका थिए र जीवनको अन्त्यसम्म नै अविचल कुनै पार्टीमा संलग्न भएनन् ।

---

[१६] यो परिचय प्रधान (२०५४) को आधारमा तयार पारिएको हो ।

सामाजिक सेवाको क्षेत्रमा त उनको योगदान अझ धेरै छ । उनी त्रिभुवन आदर्श क्लब, तीनटोलियाका संस्थापक सभापति थिए । भानु मोरङ सांस्कृतिक समितिको पदाधिकारीका रूपमा पनि उनले लामो समयसम्म सेवा गरे । जापानी संस्था 'आइजानकाई' अर्थात् मैत्री परिवारको विराटनगर शाखाको उनी संस्थापक सभापति थिए र त्यसै संस्थामार्फत् विराटनगरमा रथयात्राको आयोजना गरी बुद्ध जयन्ती मनाउने कार्य सबैभन्दा पहिले थालिएको थियो । त्यसताका विराटनगरमा आजजस्तो बौद्धहरूको कुनै संस्था थिएन र बुद्ध जयन्ती विराटनगरवासीका लागि सार्वजनिक चासोको विषय थिएन । उनले भानु मोरङ प्राथमिक विद्यालयको सञ्चालक समितिको अध्यक्ष भई सो विद्यालयको विकासमा योगदान पुऱ्याएका थिए । उनी विराटनगर जेसीजसँग पनि लामो समयसम्म आवद्ध रहे । यी केही उदाहरण मात्र हुन् । वास्तवमा विराटनगरमा एकताका यस्तो समय थियो कुनै पनि कार्यक्रममा उनको उपस्थिति हुन्थ्यो र कुनै पनि सामाजिक संस्थामा उनको संलग्नता अवश्य नै देखिन्थ्यो । उनले सेवा पुऱ्याएका सङ्घसंस्थाहरूमा नेपाल रेडक्रस सोसाइटी-मोरङ, नेपाल क्षयरोग निवारण संस्था-मोरङ, प्रतिभा पुरस्कार प्रतिष्ठान-विराटनगर लगायत थुप्रै थिए ।

कुमारबहादुर श्रेष्ठले २०२४ सालदेखि पत्रकारिताका क्षेत्रमा आफूलाई सक्रिय गराए । तत्कालीन नेपाल युवक सङ्गठन, मोरङले २०२४ सालदेखि प्रकाशन गर्न थालेको पाक्षिक *युवक आवाज*को सम्पादन उनले नै गरेका थिए । जम्मा ४० अङ्क निस्केपछि २०२६ साल कात्तिक २० मा सो पत्रिका बन्द भएको थियो । *युवक आवाज*को सम्पादन गर्न थालेपछि नै उनलाई पत्रकारिताको नशा लागिसकेको थियो । फलस्वरूप २०२६ कात्तिक २४ गते उनले स्व. नारदप्रसाद ओझासँग मिलेर साप्ताहिक *कोसेली*को प्रकाशन आरम्भ गरे । आफ्नो जीवनको अन्तिम अवस्थासम्म पनि उनी *कोसेली*को सम्पादनमा सक्रिय थिए । उनले २०४२ सालको फागुनदेखि *जनसेवा* पाक्षिकको पनि सम्पादन प्रकाशन थालेका थिए, तर यसले निरन्तरता पाउन सकेन । उनले त्रिभुवन आदर्श क्लब, तीनटोलियाद्वारा प्रकाशित *पिपिरो* वार्षिक पत्रिकाको पनि सम्पादन गरेका थिए, जुन पत्रिका २०३२, २०३३ र २०३४ तीन वर्ष नियमित प्रकाशित भएको देखिन्छ । उनले सम्पादन एवं प्रकाशनका अतिरिक्त काठमाडौंबाट प्रकाशित विभिन्न पत्रपत्रिकाहरूलाई समाचार पठाएर सहयोग गरेका थिए ।

पत्रकारहरूको हक, हित, कल्याण र सुरक्षा एवं एकताका लागि पनि स्व. श्रेष्ठले महत्त्वपूर्ण योगदान पुऱ्याए । २०२९ सालमा स्थापित विराटनगर प्रेस क्लबको उनी संस्थापकमध्येकै एक व्यक्तित्व थिए । त्यस्तै नेपाल पत्रकार सङ्घको मोरङ जिल्ला पदाधिकारी र केन्द्रीय सदस्यका रूपमा पनि उनी सक्रिय थिए । विशेष गरेर पत्रकार कल्याण कोष, मोरङको स्थापनामा उनको

योगदान अद्वितीय रहेको छ । सो कोषको कार्यालय उनको घर नै थियो । उनले प्रेस काउन्सिल नेपालको सदस्य भई काम गर्ने अवसर प्राप्त गरेका थिए । उनको जीवन सार्वजनिक हित र पत्रकारिता क्षेत्रमा नै बितेको थियो । उनी घर-व्यवहार र परिवारमा भन्दा सार्वजनिक कार्यक्रममा नै बढी व्यस्त देखिन्थे । यसको अर्थ परिवारबाट टाढा वा गैरजिम्मेवार थिए भन्न खोजेको निश्चय नै होइन । साथीभाइ भनेपछि हुरुक्कै हुने बानी उनमा थियो । उनको घर र कार्यालय वास्तवमा विराटनगरका पत्रकारहरूको जमघट, छलफल र विचारको आदानप्रदान हुने क्लबजस्ता थिए । उनी साथीभाइहरूलाई खुवाउन अत्यन्त उदार थिए । यत्ति हुँदाहुँदै पनि उनमा केही कमजोरी थिए । अनावश्यक र बढी खर्च गर्ने प्रवृत्ति उनको सबैभन्दा ठूलो कमजोरी थियो भने मद्यपानलाई छोड्न नसक्नु अर्को कमजोरी रह्यो ।

समाजसेवाबाट उनले स्थानीय क्षेत्रमा ठूलो सम्मान र प्रतिष्ठा प्राप्त गरेका थिए । साथै राजाबाट गोरखा दक्षिण बाहु (पाँचौं), शुभराज्याभिषेक पदक र गद्दी आरोहण रजत महोत्सव पदक पनि उनले प्राप्त गरे । उनले सिर्जनशील पत्रकारिता पुरस्कार, खिलेश्वरी पत्रकारिता पुरस्कार प्राप्त गर्नुका अतिरिक्त नेपाल पत्रकार महासङ्घ-मोरङ र नेपाल पत्रकार महासङ्घ-उदयपुर शाखाबाट अभिनन्दित हुने अवसर प्राप्त गरे । साथै उनले भारतको नयाँ दिल्लीस्थित दलित साहित्य एकेडेमीबाट डा. एम्बेडकर सम्मान पनि प्राप्त गरेका थिए ।

स्व. श्रेष्ठले आफ्नो युवावस्थामा साहित्यतर्फ पनि कलम चलाएका थिए, विशेषगरी लघुकथा लेखनमा । तर उनको यो रुचिले निरन्तरता पाएन र उनी साहित्यिक क्षेत्रबाट सधैंका लागि हराए । तथापि साहित्यिक कार्यक्रमहरूको आयोजना, युवा साहित्यकार एवं पत्रकारहरूलाई प्रोत्साहन र साहित्यिक गोष्ठीहरूमा भने उनको संलग्नता जीवनभर नै रह्यो ।

उनको निधन २०५३ फागुन २४ गते शिवरात्रिका दिन साँझमा भएको थियो । सोही दिन विहान उनले सिर्जनशील पत्रकारिता पुरस्कार प्राप्त गरेका थिए । एउटा नियति नै भनौं उनको जीवनमा '२४'को सङ्ख्या अत्यन्त महत्त्वपूर्ण रह्यो । उनको जन्म भदौ २४ गते भएको थियो भने निधनको दिन पनि फागुन २४ हुन पुग्यो । उनले पत्रकारिता थालेको वर्ष पनि २०२४ थियो भने उनको संलग्नता रहेको *कोसेली*को पहिलो अङ्क पनि २०२६ कात्तिक २४ गते प्रकाशित भएको थियो । उनको पत्नी, दुई छोरा र दुई छोरी छन् ।